विद्यालय कोड नं. ४००३२००३६/४०१२

फोन नं. : ०६१- ४६०४७६,

# छोरेपाटन माध्यमिक विद्यालय

पोखरा - १७, छोरेपाटन , कास्की

# CHHOREPATAN SECONDARY SCHOOL

Pokhara – 17, Chhorepatan , Kaski

मिति : २०८३।०७।१२

पत्र संख्या : २०८३/८४
चलानी नं :

श्री सम्बन्धित सबै ।

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धमा ।

प्रस्तुत विषयका सम्बन्धमा यस श्री छोरेपाटन माध्यमिक विद्यालय पोखरा-१७, कास्कीको माध्यमिक तह विज्ञान शिक्षक दरबन्दी १(एक) रिक्त रहेको हुँदा विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०७/१२ गते बसेको बैठकको निर्णय बमोजिम उक्त रिक्त पदमा सरुवा प्रक्रियाबाट पूर्ति गर्नुपर्ने भएकाले सम्बन्धित विषय, तह र श्रेणीको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा निवदेन दिन शिक्षा नियमावली २०५९,(दशौं संशोधन २०८३)को सरुवा सम्बन्धी व्यवस्था बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पेश गर्नुपर्ने कागजातहरू :

१) सरुवाको लागि निवदेन ।
२) नेपाली नागरिकताको प्रतिलिपि ।
३) सेवा अवधि खुल्ने कागजात ।
४) शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि ।
५) हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात
६) स्थायी नियुक्तिपत्रको प्रतिलिपि
७) असाधारण तथा बेतलबी विदा सम्बन्धी कागजात
८) कार्यरत विद्यालयको सहमति पत्र
९) सम्बन्धित स्थानीय तहको सहमति पत्र
१०) शिक्षा नियमावली २०५९,(दशौं संशोधन २०८३)को अनुसूची १७ बमोजिमको फाराम
११) शिक्षा नियमावली २०५९,(दशौं संशोधन २०८३) बमोजिमका प्राथमिकता दावी गर्ने प्रमाण र कागजात

उक्त अवधिमा प्राप्त भएका निवदेनहरू शिक्षा नियमावली २०५९,(दशौं संशोधन २०८३) तथा प्रचलित कानुन बमोजिम मूल्याङकन गरी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ । म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवदेन उपर कुनै कारबाही हुनेछैन् ।

नोट : यस रिक्त दरबन्दीमा जिल्लान्तर सरुवा नहुने जानकारी गराइन्छ।

बोधार्थ :

१) शिक्षा विकास तथा समन्वय एकाइ, कास्की (जानकारी तथा वेबसाइटमा यो सूचना प्रकाशित गरिदिनुहुन ।)
२) पोखरा महानगपालिका शिक्षा महाशाखा (जानकारी तथा वेबसाइटमा यो सूचना प्रकाशित गरिदिनुहुन ।)
३) पोखरा महानगपालिका -१७ वडा कार्यालय (जानकारी तथा वेबसाइटमा यो सूचना प्रकाशित गरिदिनुहुन ।)
४) विद्यालय सूचना अधिकारी - विद्यालयको सूचना पाटी तथा फेसबुक पेजका लागि )

थप जानकारीका लागि फोन न : ९८५६०८१४८१

इमेल : chhorepatanschool@gmail.com

डिल्लीराम शर्मा
प्रधानाध्यापक
छोरेपाटन मा.वि, पोखरा-१७, कास्की